Journal of Fine Arts Campus, 2021 Volume 3 Issue 1

Open Access

Peer Reviewed Research Article

# नेपालमा संगीत विषयका उच्च शैक्षिक जनशक्तिको वर्तमान अवस्थाः एक परिचय

Wenkatesh Dhakal[1]*

[1]Lecturer at Lalitkala Campus, Tribhuvan University

*Corresponding Author: wenkateshdhakal8@gmail.com

**Citation:** Dhakal, Wenkatesh (2021). नेपालमा संगीत विषयका उच्च शैक्षिक जनशक्तिको वर्तमान अवस्थाः एक परिचय. *Journal of Fine Arts Campus*, *3*(1), 56-61.

**सारांशः** नेपालमा संगीतको प्रचलन विभिन्न वंशहरूको शासन काल हुँदै प्रथम प्रजातन्त्र पछि संस्थागत हुन पुगेको हो । विद्यावारिधिको लागि भारतकै विश्वविद्यालयहरू एक मात्र विकल्प थियो । वर्तमानमा नेपालमै संगीत विषयमा स्नातक, स्नातकोत्तर एवं विद्यावारिधि सम्मको अध्ययन अध्यापन हुन थालेको छ । त्यस समयमा मन्चमा हुने प्रदर्शनलाई नै परीक्षा मान्ने चलन थियो । संगीतमा क्रियात्मक पक्षलाई मात्र जोड दिइएका कारण धेरै विद्वानहरूको कुनै प्रकारको अभिलेख नपाइएको अवस्था रहेको छ । पुराना पुस्ता क्रियात्मक पक्षमा मात्र कार्य गर्नुहुने भएकाले अनुसन्धानात्मक लेखन कार्यको कमि भएको मान्न सकिन्छ । यस लेखले विभिन्न विश्वविद्यालयबाट संगीतका विभिन्न विषयमा शिक्षा प्राप्त जनशक्तिको बारेमा एवं वर्तमान अवस्थाका बारेमा सबैलाई जानकारी हुनेछ । वर्तमान अवस्था, चुनौती एवं योगदान आदि यस लेखमा सूक्ष्म रूपमा दर्शाउन खोजिएको छ । भविष्यमा अनुसन्धानका लागि पुराना जनशक्तिको नाम खोज्न धेरै समय नलाग्ने कुरामा लेख सहयोगि  हुने बिस्वास छ । नेपालमा संगीत विषयमा विद्यावारिधि गर्ने प्रचलन भर्खर-भर्खर मात्र सुरुवात भएको हो । हालसम्म सांगीतिक क्षेत्रमा कतिजनाले उपाधि प्राप्त गर्नु भएको छ लेखबाट थाहा पाउन सकिन्छ । वर्णनात्मक शैलीको लेखबाट ई.सं-२००० पछी विभिन्न विश्वविद्यालयबाट प्रमाणपत्र प्राप्त जनशक्तिको बारेमा महत्वपूर्ण जानकारी दिने छ । द्वितीयक श्रोतः प्रकाशित पुस्तकहरू, विद्यावारिधि थेसिस, जर्नलहरू, साक्षात्कार एवं सांगीतिक विद्वानहरूको सहयोगमा लेख तयार पारिएको हो । प्रमाणपत्र प्राप्त जनशक्तिहरूको स्थाई आर्थिक पक्ष एवं विभिन्न संगीत सम्बन्धित संस्थाहरूमा संलग्नताको बारेमा केहि कुराको साथमा लेखको समापन गरिएको छ ।

***शब्दकुन्जि:*** पण्डित,उस्ताद, बैठक, चर्या, नृत्य

## परिचय

ज्ञानको आदान प्रदान कुन समय देखि सुरुवात भएको भन्ने कुराको खोजि गर्दै जाने हो भने पुराणहरूलाई नै साक्षी मान्नु पर्ने हुन्छ । संगीत उत्पत्तिको श्रोत सामवेद मानिएको हुनाले पुराणका कुरा मान्नु अनुपयुक्त हुँदैन (मराठे, १९९२) । पुरातन समय देखिनै ज्ञानको श्रोत खोजि, ग्रहण एवं वितरण गर्ने, आदि कार्यको लागि गुरुकुलको व्यवस्था भएको उल्लेख प्राप्त गर्न सकिन्छ (मराठे, १९९२) । विकिपीडियाका अनुसार ६४ प्रमुख कलाहरूमा प्रथम स्थानमा रहेको संगीतकला प्राचीन काल देखिनै निकै संयमताका साथ सिक्ने र सिकाउने प्रचलन रहेको पाइन्छ । समय परिवर्तन संगै संगीत मार्गी र देशी गरि विभक्त भयो (मराठे, १९९२) । गुरुकुल आदिमा बसी संगीत पढ्ने पढाउने परम्परा २० औ शताब्दी सम्म विद्यालय र महाविद्यालयमा सर्यो (मराठे, १९९२ खंण्ड ब, प्रि-१४) ।

भारतमा संस्थागत शिक्षाको थालनी उस्ताद मौलावक्स, पण्डित बिष्णु नारायण भातखंडे एवं पण्डित बिष्णु दिगम्बर पलुस्करलाइ जान्छ (श्रीवास्तव, २०१०) । नालन्दा, बिक्रमसीला आदि हाल नाम मात्र प्राप्त हुने संस्थाहरूमा संगीत पनि एउटा विषय को रुपमा पठन पाठन हुने कुरा पुस्तकहरूमा पढ्न पाइन्छ (पौडेल, २०१७) शास्त्रीय संगीतको श्रोतको रूपमा रहेको भारतमा पं. भातखंडे एवं पं. पलुस्करको सोच एवं राज्यका संगीतप्रेमी प्रतिष्ठित जनहरूको सहयोगको फलिभुत नै संगीत बिद्यालय एवं बिश्वविद्यालयमा अरु बिषय सरह पठन पाठनको सुरुवात भएको पाइन्छ (सेन, २००५) । नेपालमा प्रथम प्रजातन्त्रको घोषणा बि.स.२००७ संगै संगीतमा संस्थागत शिक्षा प्रणालीको पनि विकाश भएको हो । डा.रमेश पोखरेलका अनुसार राजा महेन्द्र बाट सुरु भएको संगीतको पक्षपोषण राजा विरेन्द्रको पालोमा अझ मौलाएको पाइनुका साथै उल्लेख्य कार्यहरू भएको पाइन्छ । रेडियो नेपाल, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय नाच घर, रत्न रेकर्डीङ्ग आदिको स्थापनाले संगीतको विकासमा टेवा पुर्याएको देखिन्छ (रेग्मी-२०७६) त्रि.वि.ले बिगतमा लिएको निर्णय अनुसार बि.सं.२०४७ भन्दा पछी प्रयाग संगीत समीति (इलाहावाद) को संगीत बिषयको प्रमाण-पत्र मान्यता त्रिभुवन बिश्वविद्यालयमा खारेजी भयो । त्यसपछी त्यो बेलामाा उच्चशिक्षा प्राप्त गर्ने अरु कुनै विकल्प नभएको अवस्थाले पनि भारत जाने अवस्थाको सृजना भएको हो ।

सिक्ने सिकाउने प्रचलन गुरुकुल पद्धतिबाट सुरुवात भई २० औँ शताब्दि पछि संस्थागत भएको हो (मराठे, १९९२) । भारतमा पनि संस्थागत रूपमा संगीतको पठन पाठन २० औ शताब्दि  बाट प्रारम्भ भएको मानिएको छ । नेपालको सन्दर्भमा राजा महेन्द्रलाई संस्थागत संगीत शिक्षाको सुरुवातको श्रेय दिनु उपयुक्त हुनजान्छ । वहाँकै समयमा “नेपाल संगीत महाविद्यालय” १९५५ (इ.सं) को स्थापना गरि पं. यज्ञराज शर्मालाइ गुरुको रुपमा नियुक्त गरिएको पाइन्छ । राजा महेन्द्रको समयदेखि सुरु भएको सांगीतिक चहलपहल राजा बिरेन्द्रको समयसम्ममा सर्वसाधारणको लागि सर्वसुलभ हुँदै गएको देखिन्छ (Pokharel, 2017) । नेपालमा संगीतको सुरुवात निकै अघि भएता पनि बि.सं. २०६६ र ६७ साल देखि मात्र संगीतमा स्नातकोत्तरको सुरुवात भएको (Paudel,2017) हो । गायन एवं तन्त्र वादन स्नातक तहको सुरुवात देखीनै हुँदै आएता पनि स्नातकोत्तर तहको सुरुवात भएको धेरै समय भएको छैन । हाल विद्यावारिधिको लागि नेपाल बाहिर जानु पर्ने बाध्यताको अन्त्य भएको खुशिको कुरा हो । हालसम्म नेपालमा १४ वटा विश्वविद्यालय रहेको अवस्थामा केवल दुई वटामा मात्र संगीतको पठन पाठन हुनु पनि सोचनीय बिषय हो जस्तो लाग्छ । रेग्मीका अनुसार शास्त्रीय संगीतको प्रचार प्रसारमा कुनै कसर छोड्न नचाहने भारतमा त्यहाँका संगीत चिन्तक कसरि यस बिषयको समग्र विकासमा समयमै अग्रसर हुने भन्ने कुराको चिन्तनमा रहेको पाइन्छ ।

कुनै पनि कार्यको थालनी गर्नु भन्दा पहिला त्यसको मूल उद्देश्य के हो भनि निक्यौल भएपछी मात्र थालनी गर्नु बुद्धिमत्ताको कार्य मानिन्छ (Parikh, 2015a) । नेपालमा स्थापना भएका संगीत संस्थाहरूले संगीत यस बिषयका शैक्षिक जनशक्तिको कसरि सदुपयोग गर्ने भन्ने कुराको आकलन गर्न सके बेरोजगारीको सामना शैक्षिक जनसक्तिले गर्न पर्दैन थियो । संस्थाका हरेक विद्यार्थी कलाकार हुने

सम्भावना एकदम न्यून हुन्छ । कुनै विद्यार्थी लोक गायन अथवा वादनमा पोख्त हुन चाहन्छ भने त्यसको लागि कुनै व्यवस्था नभएको अवस्थामा बैकल्पिक मार्ग अवलम्बन गर्नुपर्ने अवस्थाको अन्त्य गर्नको लागि लोक संगीतमै स्नातकोत्तरको पठन पाठन हुन सकेमा बिद्यार्थीमा निहित प्रतिभाको कदर हुन जान्छ । जीवनको उर्जावान समय प्रमाणपत्र आर्जनका लागि प्रयोग गर्ने हुनाले त्यस लगानीको केहि प्रतिफल कसरि लिने भन्ने कुरा सहितको अवधारणा पनि संस्थाले मार्ग दर्शन गरेमा पनि कलाकार बन्न नसक्ने विद्यार्थी लाभान्वित हुने कुरा निश्चित हुन्छ (Parikh, 2017a) ।

संगीतका विभिन्न आयाम भएता पनि अध्यनरत बिद्यार्थीसंग सोध्ने हो भने कलाकार बन्ने धोको ब्यक्त गर्नेको संख्या धेरै पाउन सकिन्छ । कुनैपनि कला अध्ययन गरिरहेका अध्यनकर्ताको यो पहिलो चाहना हो । जसरि जंगलका हरेक बुट्टा चन्दन हुन सक्दैन त्यस्तै हरेक बिद्यार्थी कलाकार बन्न नसक्ने कुरा लाइ स्विकार गरि कार्य सम्लग्नता भए प्रतिफल उच्च हुन्छ (Parikh, 2017a) । संगीत अध्ययन गर्ने विद्यार्थी कुनै नकुनै कलाकारसंग प्रभावित भएको हुन्छ तर त्यस कलाकारको साधना, त्याग, पृष्ठभूमि आदि कुराको पनि अध्ययन गर्ने हो भने बल्ल सफल कलाकार बन्न आफुमा निखार ल्याउन अवलम्बन गर्ने मार्ग प्रसस्त हुने कुरा पनि वान्छनीय छ (Parikh, 2019) ।

संगीतकार, सांगीतिक-पत्रकार, सांगीतिक कार्यक्रम प्रस्तोता, संगीत सम्बन्धि लेखन, रेकर्डिष्ट, साउण्ड इन्जिनीयर, सांगीतिक कार्यक्रम आयोजन अनि शिक्षक आदि विभिन्न आयाममा संगीत अध्ययन गरेको व्यक्तिले सफलतापूर्वक कार्य गर्न सक्छ (Parikh, 2017b) अझ ध्वनिसंग सम्बन्धित कामहरू अरुको भन्दा उत्कृष्ट गर्न सक्ने कुरा आशातित हुन्छ । पहिला सिक्नु अनि सिकेको बिषयलाई सिकाउनु महत्वपूर्ण बिषय हो । सिकेका कुरा कसरि सिकाउने भन्ने कुराको पनि सिक्ने व्यवस्था हुन महत्वपूर्ण छ (श्रीवास्तव, 2010) । उप प्रा। श्री परशुराम पौडेलका अनुसार तबला (मेजर बिषय) अध्ययन गर्न भने ललित कला क्याम्पस मात्र एउटा संस्था हो । पुरानो समय देखि अध्ययन हुँदै आएको तर हाल लगभग स्थगित हुन पुगेको तन्त्रवादन बिषयमा बिद्यार्थीको संख्या नहुनु निकै दुःखको बिषय हो । प्रबेशिका परीक्षा पछीको सांगीतिक अध्यनको लागि गीतान्जली कलेज एवं सिर्जना कलेज अफ फाइन आर्ट्स पनि प्रतिबद्धताका साथ अघि बढेको छ । त्रिभुवन विश्वविद्यालय अन्तर्गत रत्न राज्य क्याम्पस (२०३३), पद्म कन्या क्याम्पस (२०१७), ललित कला क्याम्पस (२०३१) एवं ललित कला केन्द्रीय विभागमा (२०६६ र ६७) संगीत को अध्ययन निरन्तर भैरहेको छ (Pokharel, 2017) ।

जबसम्म शिक्षकलाई उपहासको रूपमा लिने प्रचलनको अन्त्य हुदैन सभ्य र नैतिक नागरिक उत्पादन हुने कुरा असम्भव नै छ । अनैतिक र असभ्य नागरिकले आफ्नो, समाजको एवं देशको हितमा कार्य गर्ने कुरामा कसको बिमति हुदैन होला र ? संगीतमा हरेक बर्ष उत्पादन हुने जनशक्तिले क्षमता अनुरूपको कार्य कहा प्राप्त गरेको छ ? विभिन्न देशमा गएर आफ्नो क्षमता र मेहनतले देशको नाम उज्वल पार्ने जनसक्ति आज मानसिक रूपमा अस्वस्थ रहेको छ किनकी उसको कुनै राजनैतिक गुटसंग तालमेल छैन ऊ अयोग्य सावित हुन्छ । निष्पक्ष रूपमा कार्य गर्ने भनिएको त्रि.वि.सेवा आयोगले आफ्नो कार्य चुस्त र दुरुस्त रूपमा गर्ने हो भने तयार जनसक्तिले आफ्नो कार्य सहि संग गरि इमान्दार र मेहनती जनशक्ति उत्पादनले देशको मुहार फेर्न मद्दत पुग्ने कुरामा कसैको असहमति हुन्न होला ( बेलबासे, २०७०)

संस्थागत रूपमा शिक्षा आर्जन गरेका बिद्यार्थीहरूलाई बिभिन्न समयमा निम्न लिखित कुराहरूको सुबिधा उपलब्ध गराउन अनिवार्य छ ।

१. संगीतका विभिन्न आयाममा कार्यरत व्यक्तिहरूसंग साक्षात्कारको सुबिधा ।

२. सांगीतिक प्रस्तुतिकरणमा प्रयोग हुने भाव-भंगीमाको बारेमा छलफल ।

३. संगीत कार्यद्वारा जीवनयापन गरेका कलाकारहरूसंग छलफल ।

४. विश्व बजारमा प्रयोग भएका संगीतको बारेमा चर्चा एवं सिकेको तत्वलाई त्यसमा प्रयोग बारे जानकारी ।

५. विश्व विख्यात कलाकारहरूको प्रस्तुतिको श्रवण एवं विश्लेषण ।

संगीतका हरेक ढाँचाहरू पुस्तकले मात्र प्राप्त गर्न कठिनाइ हुने, क्रियात्मक पक्षको ज्ञान त्यस बिषय बिज्ञसंगै बसी सिक्नुपर्ने हुँदा सस्थागत बिद्यार्थी पूर्ण कलाकार बन्ने संभवानात्मक पक्ष नकार्न सकिन्न (Parikh, 2015a) । बिषयमा सिद्धहस्त कलाकारको रेखदेखमा अभ्यास गरेका र संस्थागत शिक्षा प्राप्त गरेका बिद्यार्थीको प्रस्तुतिलाइ नियाल्न सक्ने खुबी भएकाले मात्र त्यस प्रकारको भिन्नताको अनुभव गर्नसक्ने हुन्छ (Parikh, 2019) ।

**विभिन्न विश्वविद्यालयबाट उच्च शिक्षा प्राप्त जशक्तिहरू एवं संलग्नता**

कलाकारद्वारा प्रस्तुत राग एवं तालको स्वरूपमा भएको गलत परिवर्तनको बारेमा सचेतना कसरि जगाउने ? परम्पराको निर्वाह बारेमा बिद्यार्थीलाई कसरि बुझाउने ? कलाकारले तयार पार्नु भएको नव रचित ताल एवं राग कसौटीको मापदण्ड के हो ? त्यसको आधिकारिकताको मापदण्ड कसरि निर्धारण हुने ? भन्ने कुरा पनि सोचनीय पाटो हो भन्ने लेखकको मनमा लागेको बिषय हो । हाम्रो संस्थामा भैरहेको पठन पाठन द्वारा संगीतको विश्व बजारमा बिक्न सक्ने जनशक्तिको तैयारीको मापदण्ड कसरि मापन हुने ? कसले गर्ने ? आदि कुरा लाइ ध्यानमा राखी संगीत सम्बन्धि सेमिनार एवं गोष्ठीको आयोजन समय समयमा हुनसके समस्त संगीतकर्मी एवं विद्यार्थी पनि लाभान्वित हुने कुरा वान्छनीय छ । माथि उल्लेख गरिएका प्रश्नहरूको उत्तर उच्च शिक्षासंग सम्बन्धित रहेको छ । संस्थागत रूपमा बिद्यार्थीले रचना गरेका रचनाहरूलाइ कसरी र कसले कुन आधारमा मान्यता दिने भन्ने कुरा पनि महत्वपूर्ण हुन जान्छ (Parikh-2020a) ।

**विद्यावारिधि गर्नु भएका संगीतज्ञहरू**

| Name | Subject | Title of Research |
|---|---|---|
| प्रा.डा.ध्रुवेश चन्द्र रेग्मी | संगीत | The History of Music in Nepal with Special Reference to Classical Music During Rana Period (1846-1950 Ad). Delhi University, 2003 |
| सहप्रा.डा.रमेश पोखरेल | संगीत | The Dynamics of Educational Tradition of Classical Music in Tribhuvan University Nepal. B.H.U. India 2016 |

| | | |
|---|---|---|
| उप प्रा.डा.अन्जु उप्रेती | संगीत | हिन्दुस्तानी संगीतके तन्त्र वाद्योंका बिकाश तथा संगीत मैं उनकि भूमिका बि. एच. यू ,बनारश |
| उप प्रा.डा.पार्वती घिमिरे | संगीत | ख्याल गायकिके संदर्भमें ऋतु विशेषके राग और उनके बंदिश, बनारश हिन्दु विश्वविद्यालय भारत ,२०१६ |
| डा. सिता थापा | संगीत | Charya in Nepal with Special Reference to Kathmandu Vally, B.H.U.India |
| डा.निरन्जन भण्डारी | संगीत | बाँसुरी नेपाल में उत्तर भारतीय शास्त्रीय संगीतके बिकाश में नेपाली शास्त्रीय गायकों और वादकों कि भूमिका एवं उनका योगदान, बि. एच. यू., बनारश २०१४ |
| डा.हरि पौडेल | संगीत | नेपाल के प्रचलित लोक संगीत में वाद्यों कि भूमिका: एक विश्लेषणात्मक अध्ययन (पश्चिमाञ्चल क्षेत्र के बिशेष सन्दर्भ में) बि. एच. यू.,बनारश, २०१९ |
| प्रा.डा.बेनी जंगम रावल | संगीत | बागमती अंचलमा प्रचलित नेपाली बार्हमासे लोकगीतहरूको संगीतिक विश्लेषण त्रिभुवन विश्वविद्यालय, काठमाडौं, नेपाल २०१२ |

नेपाल शास्त्रीय संगीत समाजका भूतपूर्व अध्यक्ष रहनु भएका रेग्मी नेपालमा विद्यावारिधि गर्ने पहिलोसंगीत कर्मीको गौरवको रूपमा रहनु भएको छ । हाल पद्म कन्या क्याम्पस, काठमाडौं बागबजारमा कार्यरत हुनुका साथै सुकर्म नामक सांगीतिक समुहको संस्थापक एवं नेपाल शास्त्रीय संगीत समाजको सल्लाहकार पनि हुनुहुन्छ ।

हाल रत्न राज्य क्याम्पस, प्रदर्शनी मार्ग काठमाडौंमा संगीत बिभागाध्यक्षको रूपमा कार्यरत प्रा.डा.बेनी जंगम लोक संगीत बिषयमा त्रि.वि. (नेपाली विभाग) बाट विद्यावारिधि ।

सहप्रा.डा.रमेश पोखरेल ललित कला क्याम्पसको क्याम्पस प्रमुखको रूपमा कार्यरत हुनुका साथै श्री पशुपतिनाथ एवं माता वागमती आरति सेवा समितिका संस्थापक सदस्य हुनुहुन्छ ।

विद्यावारिधि गर्ने पहिलो बाँसुरी वादक भण्डारी हाल संगीत साखा रेडियो नेपालमा संगीत संयोजकको रुपमा कार्यरत हुनुहुन्छ ।

ललिल कला क्याम्पसकि उप प्रा.डा.घिमिरे संगीत दृष्टि-२०७७ (अर्धवार्षिक) पत्रिकाकि सह-सम्पादकको रूपमा कार्यरत पनि हुनुहुन्छ ।

**स्नातकोतर गर्नु भएका संगीतज्ञहरू, विश्वविद्यालय एवं संलग्नता**

काशी हिन्दु विश्वविद्यालय, वनारश ।

**गायन** : श्री श्री केसी.उपप्रा.श्री रबिन दास श्रेष्ठ, श्री धर्मदास बुदाथोकी, श्री इन्द्रबम मल्ल, श्री सन्तोष अधिकारी, श्री नवराज आचार्य, मनिष अधिकारी, श्री बाल कृष्ण खनाल, श्री सरोज वत्स, श्री हरिदत्त फुलारा, श्री कृष्ण राम केसी, श्री उत्सब बुदाथोकी, श्री नवराज आचार्य । श्री सरोज वत्स पुर्वान्चलमा रही SAPTAK "The Institute of Performing Arts" को माध्यमबाट संगीतको सेवामा लाग्नु भएको छ ।

**तबला**: उप प्रा. श्री परसुराम पौडेल, श्री मधुसूदन गैरापिप्ली, श्री कृष्ण कुमार खरेल, श्री नगेन्द्र प्रसाद न्यौपाने, श्री निश्चल उप्रेती ।

उप प्रा.श्री परसुराम पौडेल (त्रि.वि.) ललित कला क्याम्पस, भोटाहिटीमा संगीत बिभागको बिभागाध्यक्ष हुनुका साथै सम्पदा ब्याण्ड संस्थापक, अतुल मेमोरियल गुरुकुल उपाध्यक्ष, कपन संगीत सरोवर सचिव हुनुका साथै संगीत दृष्टि (अर्ध वार्षिक) पत्रिका (२०७७) का सह-सम्पादक पनि हुनुहुन्छ । श्री नगेन्द्र प्रसाद न्यौपाने हाल श्रीजना कलेज अफ फाइन आर्ट्स तथा पद्म कन्या क्याम्पसमा आंसिक शिक्षकको रूपमा कार्यरत हुनुका साथै नेपाल शास्त्रीय संगीत समाज (२०७७) का सदस्य पनि हुनुहुन्छ । श्री केसी, शास्त्रीय संगीतका बिद्यार्थीहरूलाई शिक्षा प्रदान गर्नुका साथै संगीत दृष्टि (अर्ध वार्षिक) पत्रिका (२०७७) का सह-सम्पादक पनि हुनुका साथै नेपाल शास्त्रीय संगीत समाजका कोषाध्यक्ष पनि हुनुहुन्छ ।

**सितार**: श्री राम कुमार अर्याल

**बाँसुरी**: श्री दुर्गा प्रसाद खतिवडा

नेपालमा बाँसुरी विधामा पहिलो स्नातकोत्तरको गौरब प्राप्त वहाँ सांस्कृतिक संस्थान (राष्ट्रिय नाचघर) मा सहायक संगीत प्रबन्धकको रूपमा कार्यरत हुनुका साथै श्री पशुपति एवं माता वागमती आरति सेवा समितिका संस्थापक सदस्य हाल महासचिव हुनुहुन्छ ।

**संगीत शास्त्र**: श्री अरुण पौडेल

संगीत शास्त्रमा स्नातकोत्तर गर्ने पहिलो नेपालिको गौरब वहाँलाइ जान्छ ।

**नृत्य**

श्रीमती सुजाता बराल (पोखरेल), कत्थक

श्री स्वजन रघुबंसी, भारतनाट्यम

उपप्रा.श्रीमति सुलोचना गोपाली, भारतनाट्यम

उपप्रा.श्रीमती गोपाली हाल पद्म कन्या क्याम्पस ,बाग बजारमा कार्यरत हुनुहुन्छ ।

श्रीमती बराल हाल पद्म कन्या क्याम्पस ,बाग बजारमा कार्यरत हुनुहुन्छ ।

लखनऊ विश्वविद्यालय, लखनऊ ।

नृत्य (कत्थक): श्रीमती नम्रता के. सी.

श्रीमती केसी हाल पद्म कन्या क्याम्पस, बागबजारमा कार्यरतहुनुका साथै "Aesthetic Dance Studio" कि संस्थापिका पनि हुनुहुन्छ ।

भातखण्डे संगीत अभिमत विश्वविद्यालय, लखनऊ ।

**गायन**: श्री जयराम खनाल, श्री छत्रमणि काफ्ले, श्री सुरेश शर्मा

**तबला**: श्री वेंकटेश ढकाल

Open Access

Peer Reviewed Research Article

**बेला** : श्री यतिराज अधिकारी
महात्मा गान्धी काशि विद्यापीठ (अभिमत विश्वविद्यालय), बनारश
**गायन** : श्री बिष्णु प्रसाद आचार्य, श्री तिर्थ राज पोखरेल
श्री तिर्थ राज पोखरेल राष्ट्रिय नाचघर, जमलमा सहायक गायन प्रबन्धकका रूपमा कार्यरत हुनुका साथै संगीत दृष्टि (२०७७) का सह सम्पादक पनि हुनुहुन्छ ।
रबिन्द्र भारती विश्वविद्यालय, कोलकाता ।
**गायन** : श्री प्रमोद प्रसाई, श्रीमती लाबोनी चक्रवर्ती (प्रसाई), श्री रिदम कंडेल, शुश्री सुजाता ब्रर्मा, शास्त्रीय एवं सुगम संगीतका साथै चलचित्र संगीतमा पनि आफ्नो परिचय दिनुहुने बर्मा हाल श्रीजना कलेज अफ फाइन आर्ट्समा आंशिक शिक्षकको रूपमा कार्यरत हुनुका साथै शास्त्रीय संगीत समाज (२०७७) कि सदस्य पनि हुनुहुन्छ ।
**तबला** : श्री जीवन राइ, श्री फरेन परियार, श्री अनन्त प्रजापति ।
त्रिभुवन वि.वि.मा आंशिक प्राध्यापकको रूपमा कार्यरत ।
**बाँसुरी**
श्री रोसन पुतुवार
विश्वभारति विश्वविद्यालय, कलकत्ता ।
गायन : सहप्रा.श्रीमती संगीता प्रधान
शास्त्रीय सुगम एवं चलचित्र संगीतकि सुप्रशिद्ध गायिका वहाँ हाल त्रिभुवन वि.वि.ललित कला केन्द्रीय बिभागको प्रमुख हुनुहुन्छ ।
इन्दिरा कला संगीत विश्वविद्यालय, खैरागड ।
गायनः श्री मनमोहन थपलिया, श्री मान कार्की
तबलाः श्री कृष्ण सापकोटा
दिल्ली विश्वविद्यालय, दिल्ली ।
गायनः श्री भबिन ढुंगाना, श्री भिम खतिवडा
गुजरात विश्वविद्यालय, अहमदावाद ।
तबलाः श्री पवन गिरि
त्रिभुवन विश्वविद्यालयमा आंसिक प्राध्यापकको रूपमा कार्यरत ।

ललितकला केन्द्रिय बिभागमा उपलब्ध प्रसासनको तथ्यांक अनुसार त्रिभुवन विश्वविद्यालयबाट हाल सम्ममा १२५ जनाले संगीत बिषय (गायन) मा स्नातकोत्तर गरिसकेको यसको क्रम निरन्तर चलिरहेको अवस्था हो । त्यस मध्ये सक्रिय रूपमा संगीतलाइ आफ्नो जीविकाको रूपमा अङ्गीकार गर्नु भएको महानुभावहरूलाई हेर्ने हो भने नगन्य रूपमा प्राप्त गर्न सकिन्छ । जस्तैः उपप्रा. श्री दिनेश थापा, उप प्रा.श्री अजर जंगम, श्री गोकुल लेछबों लिम्बु, श्रीमती शिला बिष्ट, श्रीमती सितामैया राजचल, श्री नरेश प्रजापति, श्री दिपेन्द्र श्रेष्ठ, श्रीमती राधा राई, श्री शिव पौडेल, श्री कुन्दन पाठक, उमेश पाण्डे । उपप्रा. दिनेश थापा हाल पद्म कन्या क्याम्पस ,बाग बजार, काठमाडौंमा कार्यरत हुनुका साथै शास्त्रीय संगीत समाज (२०७७) को उपाध्यक्ष पनि हुनुहुन्छ । उपप्रा.अजर जंगम हाल रत्न राज्य क्याम्पस ,प्रदर्शनी मार्ग ,काठमाडौंमा कार्यरत हुनुहुन्छ । श्री गोकुल लेछबों लिम्बु हाल नेपाल शाश्त्रीय संगीत समाज (२०७७) को महासचिबको रूपमा कार्य गर्नुका साथै संगीत दृष्टि (अर्ध वार्षिक) पत्रिकाका सम्पादक पनि हुनुहुन्छ । श्रीमती शिला बिष्ट, श्रीमती सिता मैया राजचल, श्री दिपेन्द्र श्रेष्ठ, श्री नरेश प्रजापति सांकृतिक संस्थान (राष्ट्रिय नाचघर) मा कार्यरत हुनुहुन्छ । श्री कुन्दन पाठक मिथिला टेलिभिजनमा प्रसारण हुने "शास्त्रीय संगीतः संगत र संवाद" कार्यक्रम प्रस्तोता सामप्रिय म्युजिक एकेडेमी अन्तर्गत संगीतमा कार्य गर्नु भएको छ ।

**त्रिभुवन बिश्वबिद्यालयमा आंसिकरुपमा कार्यरत प्राध्यापकहरु ।**

हाल सम्म संगीत सम्बन्धि काम गरि राज्यका विभिन्न स्थान्नमा रही संगीतमै रमाउनु भएका उपरोक्त जनसक्ति जस्तै गरि हरेक शैक्षिक सत्रको अन्त्यमा उत्पादन हुने जनसक्तिलाइ राज्य द्वारा सम्बोधन नहुने प्रबित्तिले संगीत क्षेत्रको बिकास कसरि सम्भव होला? बिषय थप गर्ने तर स्थाई पदपूर्तिको लागि कुनै पहल नगर्ने हो भने आंसिक रूपमा कार्यरत समुहले कति समय काम चलाउने भन्ने प्रश्न को उत्तर र कसले दिने?

**वर्तमान अवस्था, चुनौति एवं योगदान**

हिजोका दिनमा संगीत विशुद्ध कलाको रूपमा मात्र प्रयोग गर्ने गरिन्थ्यो । आज यसको रुप व्यावसायिक हुन पुगेको छ । धेरै समय पूर्ण रूपमा संलग्न भएर गुरुकुलमा बसी अध्यन गर्ने कला आज विश्वविद्यालयमा आइपुगेको अवस्था छ (रेग्मी-२०७६) । संगीत पनि अरु बिषयजस्तै पठन-पाठन हुने गर्दछ भन्ने भर्खर बुझ्न थालेको हाम्रो समाजमा पुरानो समयमा केवल सौखको रूपमा सिक्ने चलन भएको पाइन्छ (रेग्मी-२०७७) । नेपाल संगीत नाट्य प्रज्ञा प्रतिष्ठान द्वारा २०७६-असार ६ आयोजित कार्यशालामा शास्त्रीय संगीत नेपालको हैन भन्ने जमात आजकल निकै भेटिन थालिएको छ भन्ने कुराको उत्तरमा यो समग्र भारत वर्षको संगीत हो भन्ने कुरा डा. ध्रुबेशचन्द्र रेग्मी द्वारा प्रस्तुत गर्नु भएको थियो । संगीत सिक्ने, सिकाउने प्रचलन बढेको छ । नयाँ पुस्ताहरू संगीत शिक्षण हुने संस्थाहरूमा खोजि-खोजि आउने चलन बढेको पाइन्छ । संगीत भन्नाले गायन मात्र बुझ्न खोज्ने जमात संगीत अन्तर्गत अरु विधाको बिकाशमा भने त्यति सावधानीपुर्वक लागेको अनुभव गर्नमा कठिनाइ भएको छ । स्वर र ताल एक अर्काका परिपुरक हुन् "गीत वाद्य तथा नृत्य तालवार्ज्यम न शोभते" (मराठे, १९९२,पृष्ठ-६५) । अर्थात गायन, वादन एवं नृत्य ताल बिना शोभा नदिने हुन्छ । त्यति महत्वपूर्ण तालको बिषय (तबला) मा भने बि.सं.२०७७ देखि मात्र स्नातकोत्तरको सुरुवातले यसकुराको पुष्टि हुन्छ । लोक संगीतमा मात्र अथवा लोक वाद्यमा मात्र स्नातकोत्तर गर्न अझ कति समय कुर्नु पर्ने हो अज्ञात नै छ । नामचीन केहि गैह्र सरकारि विद्यालयहरूमा केहि संगीतकर्मिहरूले सेवा

प्रदान गरि केहि रूपमा आर्थिक संकट बाट राहत प्राप्त गरि रहनु भएको पाइन्छ । माध्यामिक एवं उच्च माध्यामिक तहमा संगीतलाई ऐच्छिक बिषयको रूपमा मान्यताको नीति सकारात्मक छ । तर त्यसको छिटै कार्यन्वयन हुन सके अझ राम्रो हुने थियो (रेग्मी-२०७६) ।

धेरै समय लगानी गरि सिकेको कला एवं शिक्षित व्यक्तिले स्थाई रूपमा कुनै अर्थोपार्जनको कुनै अवसर प्राप्त नगर्नु एउटा ठुलो चुनौतीको रूपमा रहेको छ । उत्पादित सबैले उचित रोजगारी प्राप्त गर्न नसकेको पनि सबैमाझ ज्ञात बिषय हो (संगीत दृष्टि, २०७७) । लेखमा उल्लेखित जनशक्तिहरू मध्ये धेरै जनाको कुनै स्थाई अर्थोपाजनको श्रोत भएको पाउन सकिदैन । नेपालको एकमात्र कला क्याम्पस ललित कलामा अधिक संख्यामा आम्सिक प्राध्यापकहरूले प्राध्यापन गर्न बाध्य हुनु परेको तीतो यथार्थ लेखकले पनि भोगि रहेको अवस्था हो । संगीत बिषयको प्रमाणपत्र भएका सबै प्रमाणपत्रधारीहरूलाई कसरि संगीत शिक्षणसंग सम्बन्धित संस्थाहरूमा उपयोग गर्ने भन्ने कुरा बेलैमा सोच्न जरुरि छ । संगीत संरक्षण, संगीतकारहरूलाई प्रोत्साहन, अनुसन्धान आदि विभिन्न प्रकारका कामहरू अझ बिस्तृत रूपमा गर्न गराउन सकिएको छैन (रेग्मी-२०७६) । संगीत सिकेर केवल प्रस्तोता बन्ने भन्ने पुरानापुस्ता प्रायः प्रयाग संगीत समीतिबाट शिक्षा लिनुभएको हुनाले विश्वविद्यालयमा हुने पठन-पाठनको रूपरेखा ज्ञान नभएको अवस्थाले गर्दा क्रियात्मक पक्षमा विकाश भएको तर खोज पक्ष सबल हुनसकेको छैन (रेग्मी-२०७७) ।

नेपाल शास्त्रीय संगीत समाजको पुर्नस्थापना एवं त्यसलाई सक्रिय रूपमा कार्यशील बनाउन नयाँ पुस्ताले सह्रानीय कर्म गरेको छ । ने.शा.सं.स.को सक्रियतापछि शास्त्रीय संगीतका विभिन्न रोकिएका कार्य निरंतर हुने आसा गरिएको छ (संगीत दृष्टि, २०७७) । टेलिभिजन आदिमा प्रसारित संगीतका विभिन्न कार्यक्रमहरूबाट बालबालिकाहरूको प्रस्तुति हेरेर आफ्ना बालबालिकाहरूलाई पनि संगीत सिकाउने प्रचलन पनि बढेको पाउन सकिन्छ (संगीत दृष्टि, २०७७) । देवकोटा भन्नुहुन्छ स्वर र लयको आधारमा भएका रचनाहरू मानिसको मस्तिष्कमा धेरै समय सम्म प्रभाव छोड्न सफल रहन्छ । नयाँ पुस्ता प्रविधिसंग पनि तालमेल राख्न सक्ने खुबी भएको हुनाले संगीतसम्बन्धी विभिन्न प्रविधिक कार्यक्रम पनि संचालनगरि संगीतको प्रवर्धन गरिरहेको पाउन सकिन्छ । वैश्विक महामारीको रूपमा कोभिड-१९ को समयमा सामाजिक संजाल अन्तर्गत ख्याती प्राप्त विभिन्न विधाका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कलाकारहरूको कार्यक्रम अनलाइन सफलतापूर्वक १०० श्रीङ्खला गराउन सफल भएको छ (संगीत दृष्टि,२०७७, पृ. ६६) । संगीत सम्बन्धि अर्ध वार्षिकपत्रिका संगीत दृष्टि (ISSN) प्रकाशन गरेको जसबाट आउने दिनहरूमा विभिन्न संगीत सम्बन्धि जानकारी प्राप्त गर्न सकिने छ । विभिन्न विश्वविद्यालयमा शिक्षा प्राप्त गर्नुभएका शिक्षित वर्गको आगमन पछि अनुसन्धान पक्ष सबल हुने क्रम बढेको योगदानको रूपमा लिन सकिन्छ । श्री श्री केसीका अनुसार हाल तीनवटा संगीत गुरुकुल पनि संचालनमा रहेका छन् । संगीत अध्ययन पछि विभिन्न आयाम जस्तैः- संगीत संयोजन, रेकर्डिङ, संगीत स्टुडियो संचालन आदि द्वारा अझ स्वादु काम भएको पनि छ (संगीत दृष्टि-२०७७) ।

**निष्कर्ष**

स्थापना कालको स्वर्ण जयन्ति मनाई सक्दा पनि नेपालको पहिलो एवं ठुलो त्रिभुवन विश्वविद्यालय संगीत बिभाग बाट संगीत बिषयमा एक जना पनि विद्यावारिधि उत्पादन गर्न नसकेको अवस्थालाई हेर्ने हो भने संगीत अनुसन्धानमा राज्यले कुनै चाख लिएको देखिदैन । हालसम्म उपलब्ध आठजना विद्यावारिधि मध्ये सातजनाले भारबाट उपाधि प्राप्त गर्नु भएको छ । विद्यावारिधि एवं स्नातकोत्तर गर्नु भएका क्रियाशील संगीतज्ञहरू ५ एवं १३ जना सरकारी स्थाई सेवामा विभिन्न संस्थाहरूमा कार्यरत रहेको देखिन्छ । तबलामा १ जना मात्र स्थाई रूपमा कार्यरत हुनुहुन्छ । संगीत जस्तोसुकै विषम परिस्थिति संग पनि तालमेल राख्न सक्षम बनाउने गुणधर्मि विधा भएको हुनाले संगीतको अध्यन सम्पूर्णलाइ अनिवार्य रूपमा गराउन सके समाज एवं राष्ट्रको समुन्नत विकाशको मार्ग प्रसस्त हुने कुरा अवस्यम्भावि छ । गाँस, बास र कपासको लागि सोच्न नपर्ने अवस्था समाप्त भएपछी मात्र संगीततिर ध्यान लगाउन सकिन्छ । कुनै पनि देशको सांगीतिक उत्थानको अवलोकन गरि त्यस देशको समग्र स्थितिको आँकलन गर्न सकिन्छ । आजको समयमा कुनै पनि शिक्षाले जब सम्म आर्थिक रूपमा मद्दत मिल्दैन तब सम्म त्यस बिषय उपेक्षा भइरहने र बिषय प्रति गम्भिरताका साथ नसोच्ने हुँदा संगीत विषयबाट हुने आर्थिक विकाश प्रति सम्बन्धित सबैको ध्यान आकृष्ट अनिवार्य भएको देखिन्छ । संसारमा संगीतसंग सम्बन्धित विभिन्न प्रयोग हुँदै जान थालेको छ । शारीरिक एवं मानसिक अस्वस्थामा संगीतको कसरि प्रयोगले स्वस्थता प्राप्त हुन्छ भनि दैनन्दिन नूतन प्रयोग भैरहेको अवस्थामा हामि किन पछाडी ? राग एवं तालको प्रयोगले चामत्कारिक नतिजा प्राप्त गर्न सकिने कुरा प्रमाणित भैरहेको समाचार प्राप्त छ । मानिसको जन्म देखि मृत्यु सम्म संगीतको फरक फरक भूमिका रहेको छ । यस्तो महत्वपूर्ण बिषयलाइ उपेक्षा भन्दा पनि सम्मानका साथ विकाशको लागि आउनुहोस हातेमालो गरि अघि बढौं ।

**सन्दर्भ सूची**

उपाध्याय होम नाथ (२०५८) *ताल पुष्पान्जली-* होम नाथ उपाध्याय ।

पोखरेल हेमचन्द्र (२०७०) *लक्ष्मी निबन्ध संग्रह* (हिन्दि अनुवाद)-ने.रा.प्र. ।

बेलबासे नारायणप्रसाद (२०७०) *त्रि.वि.सेवा आयोग दिग्दर्शन* -दिक्षान्त प्रकाशन, काठमाण्डौं ।

मराठे, भाल्चन्द्र राव (१९९२), *ताल वाद्य शास्त्र-* शर्मा पुस्तक प्रकाशन, ग्वालियर (म.प्र.), भारत ।

रावल बेनी जंगम (२०६३) *सन्दर्भः लोक गीतका -* भृकुटी एकेडेमी पब्लिकेसन्स, प्रदर्शनीमार्ग, काठमाण्डौ ।

रेग्मी, ध्रुबेशचन्द्र (२०७६) *नेपालमा शास्त्रीय संगीतको सम्भावना र चुनौती* ।

ललित कला केन्द्रीय बिभाग -प्रशासन शाखा ।

ललित कला क्याम्पस, भोटाहिटी हाल कीर्तिपुर, काठमान्डू (प्रशासन शाखा )

वशिष्ठ सत्यनारायण (२००६),*कायदा और पेशकार* ,संगीत कार्यालय ,हाथरस ।

श्रीवास्तब गिरिश चन्द्र,(२०१०)*ताल परिचय भाग* -२,रुबी प्रकाशन, इलाहाबाद ।

श्रीवास्तब गिरिश चन्द्र,(२०१०)*ताल परिचय भाग* -३, रुबी प्रकाशन, इलाहाबाद ।

सेन अरुण कुमार, (२००५) *भारतीय तालों का शास्त्रीय विवेचन* -मध्य प्रदेश हिन्दि ग्रन्थ अकादमी ।

संगीत दृष्टि (२०७७) अंक -१ बर्ष-१, नेपाल शास्त्रीय संगीत समाज, काठमाडौं ।

Parikh, Arvind, (2015a). *8th session, All inclusive talim Pt. Vidyadhar Vyas On "Prevalent vocal music forms and their evolution"*. https://youtu.be/G_H4FotQghY

Parikh, Arvind (2015b). *12th session, All insclusive talim conversation with Shree Shashi Vyas.* https://youtu.be/rnQuLQ_6_Mg

Parikh, Arvind (2016). *18th session, All Inclusive talim Pt.ajay Pohankar "Kirana gharana and its intricacies"*. https://youtu.be/6LKbwJugNyw

Parikh, Arvind (2017a). *19th session, All inclusive taleem special features of the jaipur gharana.* https://youtu.be/hP8PPC2_B3g

Parikh, Arvind (2017b). *24th session, All inclusive taleem Ashwini Bhide Deshpande "Jaipur-atrauli gharana.* https://youtu.be/8eMFP3hbj8

Parikh, Arvind (2018). *29th session, All insclusive taleem unique artistry of maihar gharana*. http://youtu.be/nPPzPmdhfbY

Parikh, Arvind (2019). *38th session, Artistry of two major musical streams of India Vidushi Aruna Sairam*. https://youtu.be/SfiyNDfhXdM

Parikh, Arvind (2020a). *41th session, Artistry of tabla –Benaras gharana Pt.Kumar Bose*. https://youtu.be/G26eEKHDQVI

Parikh, Arvind (2020). *43th session, Artistry of tabla – Lucknow gharana Pt.Swapan Chaudhuri*. https://youtu.be/bM3ILZSEKhA